# पोखरा विश्वविद्यालयको
# महिला छात्रावास सम्बन्धि सूचना

(प्रकाशित मिति २०७६।०८।१०)

पोखरा विश्वविद्यालयको आगिंक स्कूलमा स्नातक तहमा प्रथम सेमेष्टरमा अध्ययनरत योग्यता पूगेका महिला छात्राहरुबाट पोखरा विश्वविद्यालयको महिला छात्रावासमा तोकिएको शुल्क भुक्तानी गरी बस्नकोलागि दरखास्त आहवान गरिएको छ ।

१) महिला छात्रावासको जम्मा सिट संख्या १५

- आरक्षण सिट संख्या ८
- साधरण सिट संख्या ७

| प्रकार | उपलब्ध सिट |
|---|---|
| साधारण | ७ |
| भारतीय सरकारी सेवावाट निवृत्त भएका अभिभावकका सन्तती कोटा | २ |
| विद्यार्थी आदान प्रदान कार्यक्रम अन्तर्गत विदेशबाट पोखरा विश्वविद्यालय आङ्गिक कार्यक्रममा भर्ना भई अध्ययन गरिरहेको विद्यार्थी | ४ |
| पोखरा विश्वविद्यालयमा स्थायी रुपमा कार्यरत शिक्षक तथा कर्मचारी कोटा | २ |

माथि उल्लेखित प्राप्त सिटहरुलाई देहायको आधारमा वितरण गरिने छ ।

१) छात्रावासमा बस्नको लागि विश्वविद्यालयको आंगिक कार्यक्रममा भर्ना प्रकृया अन्तर्गत लिईएको प्रवेश परिक्षामा प्राप्त गरेको स्कोर, जिल्लाका लागि तोकिएको अंक र सार्वजनिक/सरकारी विद्यालयबाट एसएलसी उत्तिर्ण गरेकाकालागि तोकिएको अंक जोडी कुल अंकको आधारमा सूची प्रकाशन गरी वितरण गरिने छ ।

२) मुल्यांकनको अंक तपशिल बमोजिम कायम गरिएको छ ।

क) नेपाल सरकारले तोकेका दुर्गम जिल्लाहरुका लागि अंक ४०

ख) माथि उल्लेखित दुर्गम जिल्ला बाहेकका सुगम जिल्ला (कास्की जिल्ला र सोसंग सिमाना जोडिएका जिल्लाहरु बाहेक) का लागि अंक ३०

ग) कास्की जिल्लासंग सिमाना जोडिएका जिल्ला (लम्जुंग, तनँहू, स्यांग्जा, पर्वत, म्याग्दी र मनाङ्ग) का लागि अंक २०

घ) कास्की जिल्ला अन्तर्गतका नगरपालिका तथा उप महानगरपालिका वाहेकका गा.वि.स. का लागि अंक १०

ङ) सार्वजनिक/सरकारी विद्यालयबाट एसएलसी उत्तिर्ण विद्यार्थीका लागि अंक ५

दरखास्त फारमसंग संलग्न गर्नुपर्ने कागजपत्रहरू

१) रकम बुझाएको रसिद

२) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि

३) आरक्षण समूहको प्रमाण पत्र

३.१) भारतीय सरकारी सेवाबाट निवृत भएका अभिभावकका सन्ततीका सन्दर्भमा निजले भारतिय दुतावासवाट अवकास प्राप्त भारतीय सरकारी सेवाबाट निवृत भएका अभिभावकको सन्तती हो भनि स्पस्ट खुलाईएको सक्कल सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

३.२) विद्यार्थी आदान प्रदान कार्यक्रम अन्तर्गत विदेशबाट पोखरा विश्वविद्यालय आङ्गिक कार्यक्रममा भर्ना भई अध्ययन गरिरहेको विद्यार्थी हो भनि स्पस्ट खुलाईएको सक्कल सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

३.३)पोखरा विश्वविद्यालयमा कार्यरत स्थाई शिक्षक तथा कर्मचारीका सन्ततीका सन्दर्भमा निजले पोखरा विश्वविद्यालयबाट पोखरा विश्वविद्यालयमा स्थाईरुपमा कार्यरत शिक्षक तथा कर्मचारीको सन्तती हो भनि स्पस्ट खुलाईएको सक्कल सिफारिस पत्र पेश गर्नुपर्नेछ

४) स्वास्थ्य स्थीति सम्बन्धी प्रमाण पत्र

४.१) आवेदकलाई निको नहुने प्रकृतिको सरुवारोग लागेको छ वा छैन भनि स्पस्ट खुलाईएको नेपाल सरकारबाट मान्यता प्राप्त अस्पताल वा चिकित्सकले प्रमाणित गरेको सक्कल सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

५) विश्वविद्यालयको कार्यक्रममा भर्ना प्रकृया अन्तर्गत लिईएको प्रवेश परिक्षामा प्राप्त गरेको स्कोर (प्रतिशतमा) स्पस्ट खुलेको सम्बन्धित स्कूलले प्रमाणित गरेको सक्कल प्रमाण पत्र पेश गर्नुपर्नेछ ।

६) स्थायी वसोवासका सन्दर्भमा आवेदकले निजको स्थायी वसोवास कुन जिल्लामा हो सो स्पस्ट खुलेको सम्बन्धित गा.वि.स कार्यालय तथा नगरपालिका वडा कार्यालयको सक्कल सिफारिस पेश गर्नुपर्नेछ ।

७) सार्वजनिक/सरकारी विद्यालयबाट एसएलसी उत्तिर्ण विद्यार्थीहरुको सन्दर्भमा निजले अध्ययन गरेको विद्यालय सार्वजनिक/सरकारी विद्यालय हो भनि सम्बन्धीत जिल्लाको जिल्ला शिक्षा कार्यालयले सिफारिस गरेको सक्कल सिफारिस पेश गर्नुपर्नेछ ।

८) पो.वि.अन्तर्गत स्कूल अफ हेल्थ एण्ड एलाइड साइन्समा संचालीत नर्सिङ्ग कार्यक्रम बार्षिक प्रणालीमा संचालन भएको हुँदा उक्त कार्यक्रमको प्रथम बर्षमा अध्ययनरत विद्यार्थीले समेत आवेदन दिन सक्नेछन् ।

दरखास्त दस्तुर : रु. ५०० (अक्षेरुपी पाँच सय मात्र) बुझाउनु पर्नेछ ।
दरखास्त फारम वितरणः मिति २०७४।०८।१२
दरखास्त दिने अन्तिम मितिः मिति २०७४।०९।०१
दरखास्त फारम पाईने र पेश गर्ने स्थानः केन्द्रिय कार्यालय, पोखरा विश्वविद्यालय ।
नोटः छात्रावासमा बस्ने विद्यार्थीहरुले ओढ्ने ओछ्याउने लत्ता कपडाको व्यवस्था आफैले गर्नुपर्नेछ ।

**महिला छात्रावास सञ्चालक समिति**
**पोखरा विश्वविद्यालय**
**लेखनाथ, कास्की**